नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २३

मितिः २०८२/०४/१२

नेपाल संवत् ११४५

विषयः प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित कार्यक्रमहरुको प्रगति सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।
श्री नगरपालिका (सबै)।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, योजना तथा विकास सहयता समन्वय महाशाखाको प.सं. २०८२/०८३, च.नं. ०६, मिति २०८२/०४/११ को प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित कार्यक्रमहरुको प्रगति सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

नोटः माग भए बमोजिमको कृषि विभागसँग सम्बन्धित कार्यक्रमहरुको प्रगति विवरण इमेल ठेगाना doanepal.planning@gmail.com मा र पशु सेवा विभागसँग सम्बन्धित कार्यक्रमहरुको प्रगति विवरण इमेल ठेगाना dls.localprovincepragati@gmail.com मा उपलब्ध गराई दिनुहुन।

..................
(दीपेश कट्टेल)
शाखा अधिकृत

बोधार्थः

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, योजना तथा विकास सहयता समन्वय महाशाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा
अनुगमन तथा मुल्याङ्कन शाखा

☎ ४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार
काठमाडौं, नेपाल

प.सं : यो.अ.मु. ०८२/८३
च.नं. : ०६

मितिः २०८२।०४।११

विषयः **प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित कार्यक्रमहरुको प्रगति सम्बन्धमा।**

**श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**संघीय मामिला महाशाखा,**
**स्थानीय तह समन्वय शाखा,**
**सिंहदरवार,काठमाण्डौ ।**

प्रस्तुत विषयमा कृषिजन्य उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि आ.व. २०८१/८२ मा प्रदेश तथा स्थानीय तहहरुमा कृषि विभाग र पशु सेवा विभाग मार्फत विभिन्न कार्यक्रमहरु सशर्त वित्तिय हस्तान्तरण भएको । सो कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य र प्रतिफलमुखी बनाउन तयार गरिएको "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" को दफा ११ उफदफा (२) (क) मा सम्बन्धित कार्यालयले त्रैमासिक एवम् बार्षिक प्रगति विवरण *अनुसूची-५* बमोजिमको ढाँचामा सम्बन्धित केन्द्र र कृषि विभागमा पठाउनु पर्नेछ र "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" को दफा १२ उपदफा (१) सशर्त वित्तिय हस्तान्तरित कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित कार्यालयले *अनुसूची-७* बमोजिम अर्धबार्षिक र बार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा पशु सेवा विभागमा पठाउनु पर्नेछ भन्ने व्यवस्था भए अनुसार सम्बन्धित स्थानीय तहहरुबाट उल्लेखित अनुसूची अनुसार कृषि विभागसँग सम्बन्धित कार्यक्रमहरुको प्रगति विवरण इमेल ठेगाना doanepal.planning@gmail.com मा र पशु सेवा विभागसँग सम्बन्धित कार्यक्रमहरुको प्रगति विवरण इमेल ठेगाना dls.localprovincepragati@gmail.com मा उपलब्ध गराउने व्यवस्था हुन अनुरोधका लागि तँहा मन्त्रालय मार्फत स्थानीय तहहरुमा परिपत्र गरिदिनुहुन मिति २०८२।०४।११ गतेको सचिवस्तरीय निर्णयानुसार अनुरोध छ।

.............................
गंगा बहादुर थापा मगर
पशु विकास अधिकृत